**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०६ संख्याः ०६ मितिः २०८०/११/०५ गते**

**भाग–२**
**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिकाको लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८०।११।०३

**प्रस्तावना** : भेरीगंगा नगरपालिका भित्रका लक्षित वर्ग समुदायहरुका लागि सशक्तिकरण कार्यक्रम सञ्चालन गरी सामाजिक न्याय र समानता कायम गर्ने उद्देश्यले ती समुदायका व्यक्तिहरुको जीवनस्तर उकास्न उनीहरुको क्षेत्रमा सम्मानजनक कार्यक्रम तर्जुमा र विनियोजित कार्यक्रम एवं क्रियाकलापहरुको समन्वयात्मक रुपमा कार्यान्वयन गर्दै लैजानका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०८०।११।०३को बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :
   (क) यस कार्यविधिको नाम "भेरीगंगा नगरपालिकाको लक्षित वर्ग सशक्तिकरण कार्यविधि २०८०" रहनेछ।
   (ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपश्चात लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपप्रमुख" भन्नाले भेरीगंगा नगरपालिकाका उपप्रमुखलाई जनाउनेछ।

(ख) "गैसस" भन्नाले यस नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र कायम गरी यस नगरपालिकाको सिफारिसमा दर्ता तथा नविकरण भएका गैरसरकारी संस्थाहरुलाई जनाउँछ।

(ग) "तालिम प्रदायक संस्था" भन्नाले तालिम कार्यक्रम संचालन गर्नका लागि विधिपूर्वक नियुक्त गरिएको संस्था वा व्यक्तिलाई जनाउनेछ।

(घ) "नगर कार्यपालिका" भन्नाले भेरीगंगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) "नगरपालिका" भन्नाले भेरीगंगा नगरपालिकालाई जनाउनेछ।

(च) "नगरसभा" भन्नाले भेरीगंगा नगरपालिकाको नगरसभा सम्झनुपर्दछ।

(छ) "प्रमुख" भन्नाले भेरीगंगा नगरपालिकाका प्रमुखलाई जनाउनेछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भेरीगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(झ) "लक्षित वर्ग" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका एकल महिला, महिला तथा बालबालिका, दलित, आदीबासी जातजाति एवं लोपोन्मुख समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडा वर्ग, आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गहरू एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनुपर्छ।

(ञ) "वडा" भन्नाले भेरीगंगा नगरपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्दछ।

(ट) "वडा अध्यक्ष" भन्नाले भेरीगंगा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनुपर्दछ।

(ठ) "वडा सदस्य" भन्नाले भेरीगंगा नगरपालिकाका सम्बन्धित वडाका वडा सदस्यलाई सम्झनुपर्दछ।

(ड) "सहयोग तथा समन्वय समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको सहयोग तथा समन्वय समितिलाई जनाउनेछ।

(ढ) "सामुदायिक संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र स्थापना भएका गैर नाफामूलक सामाजिक संस्थालाई जनाउँछ।





लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

## परिच्छेद २
## उद्देश्य र कार्यक्षेत्र

**३. यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छ :**

(क) नगरपालिकाको स्रोतलाई लक्षित वर्गका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार रप्रक्रियाबारे स्पष्ट गराउने,

(ख) लक्षित वर्गका लागि विनियोजन गरिने स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूल प्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(घ) लक्षित वर्गका लागि बैज्ञानिक पद्धतिबाट कार्यक्रम तथा बजेट तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने।

**४. कार्यविधिको कार्यक्षेत्र निम्नबमोजिम हुनेछ :**

नगरपालिकालाई संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकम, विकास साझेदार र अन्य निकायबाट प्राप्त हुने रकमबाट लक्षित वर्गको बजेट तर्जुमा गर्न सकिनेछ। तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि नगरपालिकासँग भएको सम्झौता बमोजिम लक्षित वर्गको कार्यक्रम वा योजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन। त्यस्ता कार्यक्रम वा योजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू नगरपालिकाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद ३
## कार्यक्रम तर्जुमा

**५. कार्यक्रम तर्जुमा :**

(क) दफा २ बमोजिमको कार्यक्षेत्र अन्तर्गत नगरपालिकाले लक्षित वर्गका लागि निश्चित प्रतिशत रकम वा एकमुष्ट रकम तोक्न सक्नेछ।

(ख) उपरोक्त बमोजिमको रकम वन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गरिनेछ।

(ग) नगरपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागि लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्नेछ।

(घ) लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्दा अनुसूची १ मा राखिएका विवरण बमोजिम पूर्वाधारजन्य र प्रवर्द्धनात्मक गरी दुई प्रकारका कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ। पूर्वाधारजन्य र प्रवर्द्धनात्मक कार्यक्रमको अनुपातः नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(ङ) नगरपालिकाको वार्षिक योजना तर्जुमाका चरणमै लक्षित वर्ग कार्यक्रम पनि तर्जुमा गरिनेछ।

(च) नगरसभाले कार्यक्रम तर्जुमा सम्बन्धि अख्तियारी कार्यपालिकालाई दिएको खण्डमा नगर कार्यपालिकाको बैठकबाट समेत कार्यक्रम पारित गरी लागु गर्न सकिनेछ।

(छ) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने लक्षित वर्गका कार्यक्रम समेत नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी सञ्चालन गर्न सकिनेछ।

(ज) लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्दा नगरपालिकाले समग्र योजना तर्जुमा गर्दा लिने आधारहरुका अतिरिक्त निम्नबमोजिमका आधारहरु लिनुपर्नेछ :

१. पूर्वाधार योजनाका सम्बन्धमा लक्षित वर्गलाई हित हुने दिर्घकालिन लाभजन्य योजना तर्जुमा तथा कार्यान्व्यन गर्ने,

२. योजना कार्यान्वयन हुने क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्द्धन गर्ने खालका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

३. लक्षित वर्गको क्षमता वा सीप विकास र रोजगारीमुलक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

४. स्थानिय उत्पादनको सदुपयोग र प्रवर्द्धन गर्ने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

५. स्थानिय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,

६. सभागितामुलक रुपमा संचालन गर्न सकिने योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने।







(झ) सशर्त अनुदान अन्तर्गत संचालन हुने लक्षित वर्गका कार्यक्रमहरु अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरूबमोजिम नै संचालन हुनेछन्। तर, योजना तर्जुमाका चरणमै यस्ता कार्यक्रमहरु छनौट गर्न यस कार्यविधिले बाधा पुर्‍याउने छैन।

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयन

**६. कार्यक्रम वा योजना कार्यान्वयन प्रक्रिया :**

(१) नगरपालिकाको स्वीकृत योजना वा कार्यक्रम कार्यान्वयन प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय तहको योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम देहाय अनुसार हुनेछ :-

(क) कार्यक्रम वा योजना कार्यान्वयन गर्दा भेरीगंगा नगरपालिकाको आर्थिक ऐन, विनियोजन ऐन, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ।

(ख) योजनागत रुपमा नगरसभाले पारित गरेका लक्षित वर्ग सम्बन्धि योजना तथा कार्यक्रमहरु वार्षिक कार्य योजना अनुसार कार्यान्वयन हुनेछन्। तर, योजनागत रुपमा नछुट्याइ कार्यक्रमगत बजेट अन्तर्गत विनियोजित रकमको बाँडफाँड परिच्छेद ६ मा व्यवस्था भएबमोजिम हुनेछ।

(ग) लक्षित वर्गका लागि छुट्याइएको बजेटबाट योजना तथा कार्यक्रम संचालन गर्दा लक्षित वर्गको कुनै संघ सँगठन वा संस्था मार्फत सिधै अनुदान उपलब्ध गराउन पाइनेछैन। कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित योजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नुपर्नेछ।

(घ) लक्षित वर्ग अन्तर्गतपूर्बाधार निर्माणका कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ।

(ङ) कार्यक्रम वा योजना सञ्चालन गर्दा वडा समिति र सम्बन्धित शाखालाई संलग्न गराइनेछ साथै सामुदायिक संस्था तथा गैरसरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ।

(च) पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धि योजनाहरु कार्यान्वयन गर्दा उपभोक्ता समिति मार्फत सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि

प्रोत्साहन गरिनेछ। साथै सामुदायिक संस्था र गैरसरकारी संस्थाबाट लागत सहभागिता हुने कार्यक्रमलाई समेत प्रोत्साहन गरिनेछ।

(छ) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा लक्षित वर्ग समुदायका व्यक्तिहरुको कम्तिमा ६० प्रतिशत प्रतिनिधित्व हुनुपर्नेछ, भने उपभोक्ता समिति सम्बन्धि अन्य प्रावधान यस नगरपालिकाको उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि बमोजिम नै हुनेछ।

(ज) योजना तथा कार्यक्रम सञ्चालन गर्दा सकभर पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शुन्य अभियानको शुरूआत गरिनेछ।

(झ) कार्यक्रम वा योजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा योजना सम्पन्न गर्नुपर्नेछ। जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग नगरपालिकाले सम्झौता भंग गरी हर्जना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

(ञ) क्षमता विकाससम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ।

(ट) लक्षित वर्ग कार्यक्रममा छुट्याएको रकम सेवा सहयोग वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईनेछैन।

(ठ) लक्षित वर्ग सम्बन्धि सञ्चालित सबै योजनाको योजनास्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

## परिच्छेद ५

## तालिम तथा क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन व्यवस्था

७. नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा लक्षित वर्ग तर्फको तालिम वा क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गर्ने व्यवस्थामा भएबमोजिम अल्पकालीन, मझ्यौला तथा दीर्घकालीन तालिम वा क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सकिनेछ। नगरपालिकाले आंफै वा तालिम प्रदायक संस्था मार्फत यस्ता कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

८. तालिमको विषयवस्तु अनुसार पाठ्यक्रम तयार गर्नुपर्नेछ। यसका अलावा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट तयार गरिएको पाठ्यक्रम, शहरी विकास तथा भवन निर्माण विभागबाट तयार गरिएको पाठ्यक्रम, व्यवसायिक तथा सीप विकास तालिम केन्द्र वा घरेलु तथा साना उद्योग







विकास समिति वा अन्य सरकारी निकायबाट तयार गरिएको पाठ्यक्रमहरु प्रयोग गर्न सकिनेछ।

९. लक्षित वर्गका लागि संचालन गरिने तालिमहरु पुनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित दक्षता अभिवृद्धि र चेतनामूलक तथा अध्ययन, अवलोकन, अनुसन्धानमूलक हुनुपर्नेछ। यसैगरी लक्षित वर्गका सदस्यहरुको सीप विकास, क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धि तालिमहरु संचालन गरिनुपर्नेछ।

१०. लक्षित वर्गका कार्यक्रमहरुलाई सहयोग र समन्वय गर्नका लागि परिच्छेद ६ मा उल्लेख भएबमोजिमको सहयोग र समन्वय समिति गठन हुनेछ। उक्त समितिले तालिमको पहिचान, बजेट विनियोजन, तालिमका सहभागीहरुको छनौट तथा तालिम सञ्चालनको स्वीकृति प्रदान गर्नेछ। तालिमका सहभागीहरु छनौट गर्दा विपन्न वर्गका सदस्यहरुलाई प्राथमिकता दिनुपर्नेछ। यसका साथै उपलब्ध भएसम्म प्राकृति प्रकोपबाट प्रभावित युवा, युवती, एकल महिला, अपांगता भएका व्यक्ति तथा सीमान्तकृत वर्गलाई तालिममा सहभागी गराउन प्राथमिकता दिनुपर्नेछ। तर एक पटक सीप विकास तालिम लिइसकेको व्यक्तिलाई सोही किसिमको अन्य तालिम कार्यक्रममा सहभागी गराउन पाइने छैन।

११. नगरपालिका वा तालिम प्रदायक संस्थाले सम्बन्धित विषयमा योग्यता पुगेको प्रशिक्षकबाट प्रशिक्षण गराउनु पर्नेछ। कुनै एक संस्थासंग आवद्ध भएको प्रशिक्षकलाई एकै समयमा अर्को संस्थामा समानान्तर प्रशिक्षण गर्ने गरी छनोट गर्न पाइनेछैन।

१२. तालिम सञ्चालन गर्दा नगरपालिकाको कार्यालयले तोकेको स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ।

१३. तालिममा संलग्न प्रशिक्षक, सहभागी, टिप्पणीकर्ता, संयोजक, सहयोगीको भत्ता तथा प्रतिवेदकको पारिश्रमिक अनुसूची २ मा उल्लेख भएबमोजिम हुनेछ।

१४. तालिम प्रदायक संस्थाले आवश्यकता अनुसार तालिमका सहभागीहरुलाई तालिम पूरा भएपछि तालिमको अवधि र विषय खुलेको प्रमाणपत्र दिनुपर्नेछ।

१५. नगरपालिका तथा वडा कार्यालयले संचालित तालिम कार्यक्रमको नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्नेछन्। सुपरीवेक्षण तथा अनुगमन सम्बन्धि व्यवस्था परिच्छेद ७ बमोजिम हुनेछ।

## परिच्छेद ६

## सहयोग तथा समन्वय समिति

१६. लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयनमा सहयोग र समन्वय गर्नका लागि देहायबमोजिमको नगरपालिकास्तरीय सहयोग तथा समन्वय समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | नगर उपप्रमुख | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ५. | विषयसँग सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

उपरोक्त समितिले आवश्यक ठानेमा अन्य विषय विज्ञलाई पनि सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

१७. सहयोग तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ :

(क) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस कार्यविधि बमोजिम लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(ख) नगरसभाबाट लक्षित वर्ग तर्फ कविनियोजित बजेट बाँडफाँड गर्ने मापदण्ड तय गर्ने ।

(ग) लक्षित वर्ग तर्फ कार्यक्रमगत रुपमा विनियोजित बजेट योजनागत रुपमा बाँडफाँड गरी रु. १० लाखसम्मका योजना तथा कार्यक्रम स्वीकृत गर्ने । समितिले योजना तथा कार्यक्रम स्वीकृत गर्दा लक्षित वर्ग कार्यक्रम समन्वय समिति (कार्यदल) ले पेश गरेको विवरणबाट समेत छनौट गर्न कुनै बाधा पुग्नेछैन ।

(ग) लक्षित वर्गको खण्डिकृत तथ्याङ्क संकलन तथा अद्यावधिक गरी व्यवस्थित गर्ने,

(घ) नगरसभाबाट पारित लक्षित वर्गतर्फको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वय गर्ने,

(ङ) उपरोक्त समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नुपर्नेछ । तर आवश्यक परे जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ । बैठकमा भाग लिए वापत समितिका सदस्यरुले नगर कार्यपालिकाका सदस्यहरुले पाएसरहको बैठक भत्ता पाउनेछन् ।



लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

१८. वडास्तरमा लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नका लागि देहायबमोजिमको वडास्तरीय लक्षित वर्ग कार्यक्रम सहयोग तथा समन्वय समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष | संयोजक |
| २. | वडा सदस्यहरु ४ जना | सदस्य |
| ३. | वडा स्थित स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| ४. | वडा सचिव | सदस्य सचिव |

१९. उपरोक्त वडास्तरीय सहयोग तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ :

(क) वार्षिक योजना तर्जुमा गर्दा लक्षित वर्गका योजना तथा कार्यक्रम छनौट र प्राथमिकिकरण गर्न सहजीकरण गर्ने ।

(ख) नगरपालिकाबाट आफ्नो वडामा विनियोजन भएको लक्षित वर्ग सम्बन्धि योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) लक्षित वर्ग अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(घ) नगरपालिकास्तरीय सहयोग तथा समन्वय समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ङ) उपरोक्त बमोजिमको वडास्तरीय सहयोग तथा समन्वय समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नुपर्नेछ। तर आवश्यक परेमा जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ। बैठकमा भाग लिए वापत वडास्तरीय समितिका सदस्यरुले वडा समितिका सदस्यहरुले पाएसरहको बैठक भत्ता पाउनेछन्।

## परिच्छेद ७

## लक्षित वर्गको कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन एवं जाचपास तथा फरफारक सम्बन्धि व्यवस्था

**२०. सुपरिवेक्षण तथा अनुगमन समिति व्यवस्था :**

(क) लक्षित वर्ग अन्तर्गत सञ्चालित कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन स्थानीय तहको योजना तथा बजट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम उपप्रमुखको संयोजकत्वमा गठित सुपरिवेक्षण तथा अनुगमन समितिबाट हुनेछ। यसका अलावा वडागत रुपमा संचालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमको अनुगमन समिति गठन हुनेछ :

(क) वडा अध्यक्ष — संयोजक
(ख) दलित महिला सदस्य — सदस्य
(ग) वडा सचिव — सदस्य सचिव

पूर्वाधारजन्य योजनाको अनुगमनमा वडा कार्यालयका प्राविधिक कर्मचारीलाई सदस्यको रुपमा संलग्न गराउनुपर्नेछ ।

(ख) अनुगमन समितिले योजना तथा कार्यक्रम सम्पन्न भएको सात दिनभित्र अनुसुची ३ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।
अनुगमन प्रतिवेदन प्राप्त भएपछि मात्र सम्पन्न योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी दिइनेछ ।

(ग) नगरपालिकाले सञ्चालित योजना तथा कार्यक्रमको नमूनाको रूपमा केही वडाहरु छनौट गरी सेवा करारमा परामर्शदाता नियुक्ति गरी अनुगमन एवम् मूल्याङ्कन गर्न गराउन सक्नेछ ।

(घ) नगरपालिकाभित्र सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्दा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिएनदिएको बारेमा सुपरीवेक्षेण तथा अनुगमन गर्नुपर्नेछ ।

**२१. योजना तथा कार्यक्रमको जाँचपास र फरफारकसम्बन्धि व्यवस्था :**

(क) नगरपालिकाले योजना तथा कार्यक्रम सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार योजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा प्रवर्द्धनात्मक कार्यक्रमहरुको हकमा सार्वजनिक परीक्षण सहितको अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा १५ दिनभित्र योजनाको जाँचपास गर्नेछ ।

## परिच्छेद ८
## थपघट, खारेजी तथा बचाउ

२२. यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लगि सहयोग तथा समन्वय समितिको सिफारिसमा कार्यपालिकाले आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२३. यस कार्यविधिको कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।







अनुसूची : १

**लक्षित वर्ग तर्फ छनौट गर्न सकिने योजना तथा कार्यक्रमहरुको विवरण**

(यस विवरणभन्दा बाहेकका योजना तथा कार्यक्रम छनौट गर्न नपाइने भन्ने बाध्यात्मक अवस्था होइन, तर छनौट भएका योजना तथा कार्यक्रम लक्षित वर्गका लागि हो भन्ने पुष्ट्याईं दिन सक्ने खालको हुनुपर्नेछ)

**१. महिलालाई प्रत्यक्ष फाइदा पुग्ने योजनाहरूको सूची :**

(क) पूर्वाधार विकास :-

- स्वास्थ्य तथा सरसफाइः प्रसुतीगृह निर्माण तथा मर्मत सुधार, प्रसुती एवं स्वास्थ्य जाँचका लागि आवश्यक पर्ने सामग्रीहरु ।
- खानेपानी तथा सरसफाइः इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार, ट्याङ्की निर्माण, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण तथा मर्मत र सम्भार आदी ।
- अन्य पूर्वाधारहरुः बैकल्पिक ऊर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, खाद्य प्रशोधन आदि योजनाहरू, हिंसा पिडित महिला र किशोरीका लागि अस्थायी आवास गृह निर्माण र मर्मत सुधार, अपाङ्ग महिलाहरू र किशोरीहरूका लागि सहयोग पुग्ने योजनाहरू जस्तैः छात्राबास, स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन तथा महिला सहकारी भवन निर्माण गर्न समपुरक कोष आदि कार्यक्रम ।

(ख) प्रवर्द्धनात्मक (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) कार्यक्रमहरु :

- प्रजनन् स्वास्थ सम्वन्धि कार्यक्रम,
- पाठेघर सम्वन्धि समस्या रोकथाम तथा जनचेतनामूलक कार्यक्रम,
- एच.आई.भी/एडस् सम्वन्धि जनचेतनामूलक कार्यक्रम,
- महिलाहरूका लागि लोकसेवा आयोग तयारी कक्षा सञ्चालन,
- वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास,
- महिला सम्वन्धि विभिन्न नीतिगत प्रावधानहरू बारेमा जानकारी दिने कार्यक्रम,
- महिला नेतृत्व विकास, सशक्तिकरण (सामाजिक, राजनैतिक र आर्थिक) कार्यक्रम र अधिकारमा आधारित विकासका अवधारणा सम्वन्धि कार्यक्रम,

- महिला साक्षरता सम्वन्धि कार्यक्रम, किशोरीहरूका लागि जीवन उपयोगी सीप,
- महिला सहकारीहरूको क्षमता विकासका लागि सहयोग (प्रस्तावना लेखन, नेतत्व विकास तालिम, लेखा)
- महिलाको क्षेत्रमा काम गर्ने सामुदायिक स्वयंसेविकाहरूलाई क्षमता अभिवृद्धि, प्रोत्साहन पुरस्कार,
- सामुदायिक संस्थाहरूलाई स्थानीय सरकार सञ्चालन तथा न्यायिक समिति सम्बन्धी अनुशिक्षण,
- लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन र महिला विरूद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्वन्धि कार्यक्रम,
- महिला सम्वन्धि मानव अधिकार, नीति, कानुन आदि बारे चेतना अभिवृद्धि कार्यक्रम (बालविवाह, बहुविवाह, जारीप्रथा आदि),
- महिला सञ्जाल, समुदायिक संस्था र सहकारी संस्थाहरूको महिलाहरूको नेतत्व विकास र विकासमा पहूँच बृद्धि गर्ने ज्ञान र सीपको विकास, सूचना र सञ्चारमा महिलाहरूको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रम (जस्तैः किशोरीहरूलाई पत्रकारिता, कम्प्यूटर सम्बन्धि विस्तृत तालिम, महिला तथा किशोरीहरूको सामुदायिक संस्था तथा सहकारीहरूको बचत तथा लेखा व्यवस्थापनमा क्षमता विकास, जीवनउपयोगी शिक्षा आदि),
- विपन्न वर्गका महिलाहरूका लागि क्षमता विकास कार्यक्रम (समूह निर्माण, लघुउद्यम विकास योजना तर्जुमा सम्बन्धि कार्यक्रमहरु जस्तैः करेसाबारी, फलफूल प्रशोधन, कम्पोस्टिङ्ग, सिलाईकटाई, कम्प्युटर, रेडियो, होटल, ब्युटीसियन तथा मोवाईल मर्मत) आदि ।
- आर्थिक/सीप विकास व्यवस्थापन तर्फ कृषिमा आधारित कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघु उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन,
- जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफूल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार, महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरू र अन्य कृषि, पशुविकास तथा सहकारी सम्वन्धि क्रियाकलापहरू ।





लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

- गैरकृषिमा आधारित घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनीकरण गर्ने,
- गरीव महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरू ।

**२. बालबालिकालाई प्रत्यक्ष फाईदा पुग्ने योजनाहरूको सूची :**

(क) पूर्वाधार विकास :

- बालमैत्री नगरपालिका उन्मुख कार्यक्रमहरु, प्राथमिक शिक्षा (प्रारम्भिक बालविकास भवन, खेलकुद मैदान, खेलकुद सामग्री, विद्यालय मर्मत सुधार, फर्निचर, पुस्तकालय निर्माण तथा मर्मत सुधार, शौचालय निर्माण तथा मर्मत सुधार, खानेपानी तथा सरसफाई आदि कार्यक्रम, हिंसा पिडित बालिकाका लागि आकस्मिक संरक्षण थलो आदि ।

(ख) प्रवर्द्धनात्मक कार्यक्रम (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) : बाल अधिकारको आधारमा विभिन्न बालमैत्री सूचकहरूको विकास गरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने,

- नगरपालिकाको योजना तर्जुमा कार्यक्रममा बालबालिकाहरूको सहभागिता वृद्धि र बालबालिकाहरूको विकासका लागि बजेट विनियोजन कार्यक्रममा जोड दिने कार्यक्रम,
- बालमैत्री शैक्षिक सामग्री, बालमैत्री शिक्षण सिकाई (शिक्षक तालिम, शिक्षण सामग्रीहरू, बातावरण सुधार आदि कार्यक्रम),
- बाल क्लव र बालबालिका समूहहरूको संस्थागत विकास र व्यवस्थापन (नेतत्व विकास, क्षमता विकास कार्यक्रम),
- नगरपालिका तथा विद्यालयस्तरीय वालक्लव संजालहरूको स्थापना, संस्थागत विकास र वालभेलाका लागि आवश्यक सहयोग जस्तैः विभिन्न अभियान सञ्चालनका लागि फर्निचर, वालभित्ते पत्रिकाका वोर्ड तथा स्टेशनरी सहयोग आदि),
- किशोरी किशोरहरूमा मानसिक र शारिरीक स्वास्थमा आउने परिवर्तन र यसको व्यवस्थापन सम्वन्धि ज्ञान र चेतना अभिवृद्धि । जस्तै : महिला कक्षा शिक्षक, वालक्लवका महिला सदस्यका लागि सरसफाई सम्वन्धि

भेरीगंगा नगरपालिका, सुर्खेत

तालिम, किशोरी र किशोरीहरूको नेतृत्व विकास गर्ने खालका कार्यक्रम, बालविवाह विरूद्ध अभियान कार्यक्रम, बालश्रम विरूद्धको कार्यक्रम, किशोरी शिक्षा अभियान कार्यक्रम र बैकल्पिक विद्यालय स्थापना,

- जीवन उपयोगी सीपहरू सम्वन्धि ज्ञानको अभिवृद्धि, प्राथमिक स्वास्थ्य सेवा, एच.आई.भी/एडस, प्रजनन स्वास्थ सम्वन्धि कार्यक्रम,
- जन्म दर्ता अभियान कार्यक्रममा सहयोग, विभिन्न खोप अभियानहरू कार्यक्रमहरूमा सहयोग, पोषण कार्यक्रममा सहयोग, जोखिममा परेका बालबालिकाहरूका लागि सहयोग कार्यक्रम, सूचना र संचारमा पहुँच र उपयोगिता, बालबालिकाहरूको क्षमता विकास र सशक्तिकरण सम्वन्धि कार्यक्रम,
- बाल स्वास्थ्य सम्वन्धि कार्यक्रम संचालन, स्वास्थ्य चौकी, स्वास्थ्य संस्थाहरूमा बालबालिकाहरूको स्वास्थ सेवाका लागि आवश्यक सामग्रीहरू, औषधी उपचार सहयोग,
- समुदायमा आधारित सूचना प्रणालीको विकास, सहभागितामूलक अनुगमन विधिहरूको विकास (उदारण : सामुदायिक सूचना पाटी, पिआरए आदि, बालबालिकाहरूको क्षेत्रमा काम गर्ने स्वयंसेविकाहरू जस्तैः सामुदायिक परिचालिकाहरूको क्षमता अभिवृद्धि, संजाल निर्माण, नियमित बैठक सञ्चालनमा सहयोग कार्यक्रम),
- बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुऱ्याउने ग्रामीण सहजकर्ताहरूको परिचालन, क्षमता अभिवृद्धि, बालबालिकाहरूको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुऱ्याउने सहजकर्ता, सामुदायिक परिचालिकाहरूका लागि व्यवस्थापन सहयोग, उत्प्रेरणामूलक पुरस्कार आदी,
- नगरपालिकामा बालबालिकाहरूको विकासको योजना तर्जुमा, समिक्षा गर्न समन्वय समिति बैठकमा सहयोग, बालबालिकाहरूको अवस्था विश्लेषण गर्न सर्भेक्षण, बालबालिकाहरूको प्रोफाईल तयारी आदी ।

**३. दलित समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने योजनाहरुको सूची :**

(क) पूर्वाधार विकास :

- खानेपानी तथा सरसफाईः इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण, मर्मत र सम्भार,



लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

- बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्य उर्जा, गोबरग्यास, खाद्य प्रशोधन आदि योजनाहरू,
- स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन निर्माण तथा मर्मत,
- सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत सुधार,

(ख) प्रवर्द्धनात्मक कार्य (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) :

- पछाडि परेका तथा पारिएका विपन्न दलित समुदायहरूको पार्श्वचित्र तयारी तथा नक्साङ्कन तयारी,
- नगरपालिका एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालन गर्ने विकास कार्यको समय सीमा, कार्यपद्धति, बञ्चितमा परेका समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्वन्धि जनचेतनामूलक कार्यक्रम,
- बैदेशिक रोजगारीका लागि आवश्यक जानकारी र सीपको विकास,
- लोक सेवा आयोग तयारी कक्षा सञ्चालन,
- अधिकारमा आधारित विकास अवधारणा, विभेदमुक्त प्रचलन, मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,
- दलित समुदायको समूह र सञ्जालहरूको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम,
- नेतृत्व विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धि कार्यक्रम,
- समाजका सबै भाषा, धर्म र जातिहरू प्रति सद्भाव उन्मुख गराउने कार्यक्रम र जनचेतनामूलक आदि कार्यक्रमहरू,
- आर्थिक तथा सीप विकास तर्फ कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषिजन्य लघुउद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार,
- दलित समूदायको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिमहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी प्रबर्द्धन सम्वन्धि क्रियाकलापहरू ।

भेरीगंगा नगरपालिका, सुर्खेत

- घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजार मैत्री रूपमा आधुनिकीकरण गर्ने ।
- जातीय बिभेद अन्त्य र छुवाछुत मुक्त अभियानहरु सन्चालन,
- अन्तर्जातीय बिबाहलाई प्रोत्साहन तथा सहभोज कार्यक्रम,
- दलित समुदायको न्यायका लागि बहसपैरबी कार्यहरु,
- दलित लक्षित बिभिन्न दिवसहरु मनाउने र सभा गोष्ठी गर्ने ।

**४. अपाङ्गता भएका व्यक्तिहरू प्रत्यक्ष फाइदा पुग्ने योजनाहरु सुची :**

(क) पूर्वाधार विकास :

- खानेपानी तथा सरसफाईः इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, खानेपानी श्रोत संरक्षण, अपांगमैत्री शौचालय निर्माण, मर्मत र सम्भार,
- बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्य उर्जा, गोबरग्यास, खाद्य प्रशोधन आदि योजनाहरू,
- स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन निर्माण तथा मर्मत,
- सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत सुधार,
- अपांगता भएका व्यक्तिहरुलाई आबश्यक पर्ने ह्वील चियर, सेतो छडी, बैशाखी लगायतका सामग्रीहरु खरिद तथा बितरण,
- उद्दार, उपचार तथा एम्बुलेन्स सेवा प्रवाह ।

(ख) प्रवर्द्धनात्मक कार्य (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) :

- अपांगता भएका व्यक्तिहरूको पार्श्वचित्र तयारी तथा नक्साङ्कन तयारी,
- नगरपालिका एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालन गर्ने विकासका कार्यको समय सीमा, कार्यपद्धति, बञ्चितमा परेका समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्वन्धि जनचेतनामूलक कार्यक्रम,
- व्यबसाय, रोजगारी तथा सीपको विकास कार्यक्रमहरु,
- लोक सेवा आयोग तयारी कक्षा सञ्चालन,





- अधिकारमा आधारित विकास अवधारणा, विभेदमुक्त प्रचलन, मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,
- अपांगता भएका ब्यक्तिहरूको समूह र सञ्जालहरूको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम,
- नेतृत्व विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धि कार्यक्रम,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा, क्षमता विकास सम्वन्धि कार्यक्रम,
- दृष्टिबिहिन व्यक्तिहरूका लागिब्रेल लिपी, पाठ्यसामग्रीमा सहयोग र होस्टेल ब्यस्थापन,
- समाजका सबै भाषा, धर्म र जातिहरू प्रति सद्भाव उन्मुख गराउने कार्यक्रम र जनचेतनामूलक आदि कार्यक्रमहरू,
- आर्थिक तथा सीप विकास तर्फ कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषिजन्य लघुउद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार,
- अपाङ्गता भएका व्यक्तिहरूका लागि आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिमहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्वन्धि क्रियाकलापहरू ।

**५. ज्येष्ठ नागरिकका लागिप्रत्यक्ष फाइदा पुग्ने योजनाहरुको सुची :**

(क) पूर्वाधार विकास :

- खानेपानी तथा सरसफाईः इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, खानेपानी श्रोत संरक्षण, शुलभ शौचालय निर्माण, मर्मत र सम्भार,
- बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्य उर्जा, गोबरग्यास, खाद्य प्रशोधन आदि योजनाहरू,
- स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक सत्संग भवन निर्माण तथा मर्मत,
- सांस्कृतिक/धार्मीक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधारहरु संरक्षण तथा मर्मत सुधार,
- ज्येष्ठ नागरिकहरुलाई आबश्यक पर्ने ह्वील चियर, बैशाखी लगायतका सामग्रीहरु खरिद तथा बितरण,
- ज्येष्ठ नागरिकहरुलाई आवास, उद्दारतथा एम्बुलेन्स सेवा प्रवाह ।

(ख) प्रवर्द्धनात्मक कार्य (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) :

- ज्येष्ठ नागरिकहरूको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नक्साङ्कन तयारी,
- नगरपालिका एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालन गर्ने विकासको कार्यको समय सीमा, कार्यपद्धति, ज्येष्ठ नागरिकका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्वन्धि जनचेतनामूलक कार्यक्रम,
- ज्येष्ठ नागरिकहरुको अधिकार तथा मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,
- ज्येष्ठ नागरिकहरुको समूह र सञ्जालहरूको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम,

य ज्येष्ठ नागरिकहरुको हक, अधिकार सम्वन्धि कार्यक्रमहरु,

य ज्येष्ठ नागरिकहरु माथि गरिने बिभेद, असहयोग, यातना तथा अभद्र व्यबहार अन्त्यका कार्यक्रमहरु,

य ज्येष्ठ नागरिकहरुकोसामाजिक सुरक्षा, क्षमता विकास सम्वन्धि कार्यक्रमहरु,

य समाजका सबै भाषा, धर्म र जातिहरू प्रति सद्भाव उन्मुख गराउने कार्यक्रम र जनचेतनामूलक आदि कार्यक्रमहरू,

य ज्येष्ठ नागरिकहरुको खाद्य संप्रभुता, स्वास्थ्य उपचार सम्बन्धि कार्यक्रमहरु,

य

(६) आदिबासी, जनजाति, लोपोन्मुख समुदाय, मुस्लीम, पिछडा वर्ग र अन्य विपन्न वर्गका लागि फाइदा पुग्ने
योजनाहरुको सुची :

(क) पूर्वाधार विकास :

य खानेपानी तथा सरसफाई : इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धार ा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण, मर्मत र सम्भार,

य बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्य उर्जा, गोबरग्यास, खाद्य प्रशोधन आदि योजनाहरू,

य स्थानीय तहमा सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न





लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

सामुदायिक भवन निर्माण तथा मर्मत,

य सांस्कृतिक/धार्मीक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधारहरु संरक्षण तथा मर्मत सुधार,

(ख) प्रवर्द्धनात्मक कार्य (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) :

य पछाडि परेका तथा पारिएका विपन्न वर्गहरूको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नक्साङ्कन तयारी,

य नगरपालिका एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालन गर्ने विकासको कार्यको समय सीमा, कार्यपद्धति, बञ्चितमा परेका समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरू सम्वन्धि जनचेतनामूलक कार्यक्रम,

य बैदेशिक रोजगारीका लागि आवश्यक जानकारी र सीपको विकास,

य लोक सेवा आयोग तयारी कक्षा सञ्चालन,

य अधिकारमा आधारित विकास अवधारणा, विभेदमुक्त प्रचलन, मानव अधिकार , नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,

य न्यायिक समितिको गठन तथा कार्य सम्पादन बारे जानकारी,

य विपन्न पछाडि परेका वर्गहरूको समूह र सञ्जालहरूको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम,

य नेतृत्व विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धि कार्यक्रम,

य यौनिक तथा अल्पसंख्यक समुदायको विकास,

य समाजका सबै भाषा, धर्म र जातिहरू प्रति सद्भाव उन्मुख गराउने कार्यक्रम र जनचेतनामूलक आदि कार्यक्रमहरू,

य आर्थिक तथा सीप विकास तर्फ कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार , विउ विजन, उन्नत प्रविधिको विस्तार,

य लक्षित समूहहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिमहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्वन्धि क्रियाकलापहरू,

य घरेलु तथा लघुउद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजार मैत्री रूपमा आधुनिकीकरण गर्ने, लक्षित समूहको

भेरीगंगा नगरपालिका, सुर्खेत

आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरू जस्ता कार्यक्रमहरु
।

अनुसूची २

तालिम तथा क्षमता विकास सम्बन्धि अन्य कार्यक्रममा संलग्न प्रशिक्षक, सहभागी, टिप्पणीकर्ता,
संयोजक, सहयोगीको भत्ता तथा प्रतिवेदकको पारिश्रमिक
(नगरपालिकाको कार्यसन्चालन निर्देशिका अनुसार हुने)

अनुसूची ३

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय छिन्चु, सुर्खेत
योजना अनुगमन समितिले प्रयोग गर्ने अनुगमन प्रतिवेदनको ढाँचा
(नगरपालिकाको अनुगमन कार्यको फर्मेट अनुसार हुने)



लक्षित वर्ग सशक्तिकरण कार्यविधि, २०८०

भेरीगंगा नगरपालिका, सुर्खेत